नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)
सिंहदरबार, काठमाण्डौं

पत्रसंख्या: ०७९/८०
च.नं. 26

मितिः २०७९।०५।०६

श्री स्थानीय तह सबै ।

विषयः दलित समुदायको थर सूचीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय दलित आयोगको प.सं.०७९/८० च.नं. ५२ मिति २०७९।०४।३० गतेको पत्र यसै साथ संलग्न छ। विषयवस्तुहरुको व्यहोरा पत्रबाट नै अवगत गर्नुभई सो सम्बन्धमा आवश्यक कार्य गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

( सुभद्रा सुवेदी )
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः सबै स्थानीय तहलाई ईमेल गरिदिनुहुन ।

धनगढी उप-महानगरपालिका
दर्ता नं. 9006
मिति:
दस्तखत:

# राष्ट्रिय दलित आयोग
## National Dalit Commission

प.सं. २०७९/८०

च.नं. ५२

मितिः- २०७९।०४।३०

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ६२७
दर्ता मितिः- ५।५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाण्डौं ।

विषयः- परिपत्र गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस आयोगको मिति २०७९।०४।२६ गतेको बैठकले देहाय बमोजिमको निर्णय गरेकोले सो सम्बन्धमा सबै स्थानीय तहहरुलाई आवश्यक कार्यार्थको लागी परिपत्र गरिदिनुहुन तहाँ मन्त्रालय पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

आयोगको निर्णयः- " दलित समुदायको जात/थर सूचिकरण गर्न छुटेका जात/थरहरु सूचिकृत गरी दिन विभिन्न व्यक्तिहरु तथा समूहबाट निवेदन यस आयोगलाई प्राप्त भैरहेको र राष्ट्रिय दलित आयोग ऐन, २०७४ को परिच्छेद-२ को दफा ३(छ) बमोजिम दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी जात/थर सूचिकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने कार्य आयोगको प्रमुख कार्य मध्य एक रहेकोले आयोगले उक्त जात/थर सूचिकरण कार्यलाई अद्यावधिक गरी छुटेका दलित थरहरुलाई विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न तत्काल नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने भएको हुँदा सबै स्थानीय तहहरुले त्यहाँ रहेका सरोकारवालाहरुको उपस्थितिमा छलफल गराई कार्यपालिकाको बैठकबाट निर्णय गरी सम्बन्धित स्थानीय तहहरुमा रहेका दलित समुदाय भित्र पर्ने यस आयोगको वेबसाइट (www.ndc.gov.np)मा दलित जातीय अनुसूची विवरणमा उल्लेख भएका बाहेक छुटेका जात/थरहरुको विवरण यहि २०७९ भदौ १५ गते भित्र आयोगको इ-मेल info@ndc.gov.np मा पठाईदिनको लागी पत्राचार गर्ने निर्णय गरियो ।"

(रमेश विश्वकर्मा सुनार)
(शाखा अधिकृत)

कुपण्डोल, ललितपुर, फोन नं.: ०१-५४३११४८, ०१-५४३३६५०
Kupondol, Lalitpur, E-mail: info@ndc.gov.np, web: www.ndc.gov.np